# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## काभ्रेपलाञ्चोक

प्रथम पटक प्रकाशित मिति : २०७६/११/०१ गते

## शिलबन्दी दरभाउ पत्र (कोटेशन आह्वानको सूचना)

यस नमोबुद्ध नगरपालिकाको आ.व. २०७६/०७७ मा नमोबुद्ध नगरपालिकाबाट स्वीकृत कार्यक्रम अन्तरगत सेनिटरी प्याड खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्महरुबाट निम्न लिखित शर्तहरूको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरीएको छ ।

**शर्तहरु :**

१) सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालयको समय भित्र नगद रु. १०००।०० (एक हजार)(फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२) सिलबन्दी दरभाउपत्र खरिद गर्दा तथा पेश गर्दा चालू आ.व. को लागि नविकरण भएको इजाजत पत्रको प्रतिलिपी, आयकर एवम् मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ ।

३) यो सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२:०० बजेसम्म नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी सिलबन्दी दरभाउ पत्र पेश गरी सक्नुपर्नेछ र दिनको १:०० बजे कार्यालयमा खोलिनेछ ।

४) सिलबन्दी दरभाउ पत्र बुझाउने अन्तिम दिन एवम् खोलिने दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

५) हुलाक, कुरियर र ईन्टरनेटबाट पठाइएको सिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन ।

६) सिलबन्दी दरभाउपत्र साथ माग गरीएका बिडवण्ड रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक भकुण्डेबेशीमा रहेको धरौटी खाता नम्बर १५४०३०३००७१०२ मा नगद रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा “क” वर्गको मान्यता प्राप्त बैंकबाट नमोबुद्ध नगरपालिकाको नाउँमा जारी गरिएको दरभाउपत्र जमानत (दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको) अनिवार्य पेश गर्नु पर्नेछ ।

७) अन्य जानकारीको लागि कार्यालय समयभित्र फोनं. ०११-४०४०३१ मा सम्पर्क गर्न तथा कार्यालयको वेवसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

| सि. नं. | सिलबन्दी दरभाउ पत्र | योजनाको नाम | बिडवण्ड बापतको रकम |
|---|---|---|---|
| १. | NMG/02/076/077 | सेनिटरी प्याड खरिद | रु. ३७,०००।- |